# नाशोङ गाउँपालिकाको आर्थिक ऐन २०७४।७५

नाशोङ गाउँपालिका

## नाशोङ गाउँपालिका

## २०७४

प्रस्तावनाः नाशोङ गाउँपालिकाको आर्थिक वर्ष २०७४/०७५ को अर्थ अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न को निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्न, छुट दिने तथा आय संकलनको प्रशासनिक ब्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २८८ को उपधारा (२) बमोजिम नाशोङ गाउँ सभाले यो ऐन बनाएको छ।

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "आर्थिक ऐन, २०७४" रहेको छ।

(२) यो ऐन २०७४ साल श्रावण १ गतेदेखि नाशोङ गाउँपालिका क्षेत्रमा लागू हुनेछ।

**२. घरजग्गा करः** गाउँपालिका क्षेत्र भित्र अनुसूचि (१) बमोजिम घरजग्गा कर लगाइने र असूल उपर गरिनेछ।

**३. भूमि कर (मालपोत):** गाउँपालिका क्षेत्र भित्र अनुसूचि (२) बमोजिम भूमि कर (मालपोत) लगाइने र असूल उपर गरिनेछ।

**४. घर जग्गा वहाल करः** गाउँपालिका क्षेत्र भित्र कुनै ब्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै वा आंशिक तवरले वहालमा दिएकोमा अनुसूचि (३) बमोजिम घर जग्गा वहाल कर लगाइने र असूल गरिनेछ।

**५. ब्यवसाय करः** गाउँपालिका क्षेत्र भित्र ब्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसुचि (४) बमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ। यस्तो कर व्यवसाय दर्ता र वार्षिक नविकरण गर्दा असुल गरिनेछ।

**६. जडिबुटी, कवाडी र जीवजन्तु करः** गाउँपालिका क्षेत्र भित्र कुनै ब्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, वनकस, कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख , छाला जस्ता बस्तुको व्यवसायिक कारोवार गरेवापत अनुसूचि (५) बमोजिमको कर लगाइने र असूल उपर गरिनेछ।

**७. मनोरञ्जन कर**ः गाउँपालिका क्षेत्र भित्र हुने मनोरञ्जन व्यवसाय सेवामा अनुसूचि (६) बमोजिम मनोरञ्जन कर लगाइने र असलु उपर गरिनेछ । तर, प्रदेश कानुन स्वीकृत भई सो कानुन मा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

**८. ट्रेकिङ, कोयोकिड, क्यानोइङ, बञ्जीजम्पिङ, जिपफ्लायर र रयाफ्टिङ शुल्क**ः गाउँपालिकाले आफ्नो क्षेत्र भित्र ट्रकिङ, कोयोकिड, क्यानोइङ, बञ्जीजम्पिङ, जिपफ्लायर र रयाफ्टिङ सेवा वा ब्यवसाय संचालन गरेवापत अनुसूचि (७) बमोजिमको शुल्क लगाइने र असूल उपर गरिनेछ ।

**९. सेवा शुल्क, दस्तुर**ः गाउँपालिकाले निर्माण, संचालन वा ब्यवस्थापन गरेका अनुसूचि ८ मा उल्लेखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राही बाट सोहि अनुसूचिमा ब्यवस्था भए अनुसार शुल्क लगाइने र असूल उपर गरिनेछ ।

**१०. कर छुट**ः यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका ब्यक्ति वा संस्थाहरुलाइ कुनै पनि किसमको कर छुट दिईने छैन ।

**११. कर तथा शुल्क संकलन सम्वन्धि कार्यविधि**ः यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धी कार्यविधि गाउँ कार्यपालिकाले तोके अनुसार हुनेछ ।

नाशोङ गाउँपालिका

अनुसूचि-१

## घरजग्गा करको दर

(दफा २ सँग सम्वन्धित)

| क.सं. | घर/टहराको वर्गिकरण | छाना/तला अनुसारको वर्गिकरण | वार्षिक दर रु. | कैफियत |
|---|---|---|---|---|
| १ | कच्ची/ढुङ्गाको गाह्रो (काचो माटोले जडान गरेको वा सुख्खा गाह्रोवाला) | खर, टायल, ढुङ्गा, वा जस्ताको छाना भएको एक तला | १००.०० | |
| | | खर, ढुङ्गा वा जस्ताको छाना भएको एकतला भन्दा वढी प्रत्येक तलाको लागि | २००.०० | |
| २ | पक्की घर/सिमेन्ट जोडाई गाह्रोवाला | खर, टायल, ढुङ्गा, वा जस्ताको छाना भएको एक तला | २००.०० | |
| | | खर, टायल, ढुङ्गा, वा जस्ताको छाना भएको एक तला भन्दा वढी प्रत्येक तलाको लागि | २५०.०० | |
| | | सिमेन्ट ढलान छाना भएको एकतला (जस्तो सुकै गाह्रो भएपनि) | २५०.०० | |
| | | सिमेन्ट ढलान छाना भएको एकतला भन्दा वढी प्रत्येक तलाको लागि (जस्तो सुकै गाह्रो भएपनि) | ३००.०० | |

नाशोङ गाउँपालिका

अनुसूचि-२

## भूमि कर (मालपोत) को दर

(दफा ३ सँग सम्वन्धित)

| जग्गाको प्रकार / मालपोत दर | अव्वल | दोयम | सीम | चाहार | खोरिया पाखा ( पाचौ) |
|---|---|---|---|---|---|
| ५ रोपनी सम्मको लागि एकमुष्ठ रु. | ८० | ६० | ४० | २० | १० |
| ५ रोपनी भन्दा वढी प्रत्येक १ रोपनीको लागि | २० | १५ | १० | ८ | ३ |

नाशोङ गाउँपालिका

अनुसूचि-३

## घर जग्गा वहाल करको दर

(दफा ४ सँग सम्वन्धित)

- जस्तो सुकै घर, भवन, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पुरै वा आंशिक तवरले भाडामा दिएको भए तापनि कुल वहाल रकमको ५ प्रतिशत

नाशोङ गाउँपालिका

अनुसूचि-४

## व्यवसाय करको दर

(दफा ५ सँग सम्वन्धित)

| सि.नं. | व्यवसायको प्रकार | कारोवारको अवस्था | करको दर ( वार्षिक) रु. | कैफियत |
|---|---|---|---|---|
| १ | होटल व्यवसाय | वार्षिक ३ लाख सम्मको कारोवार हुने | २०००.०० | |
| | | वार्षिक ३ लाख देखि ५ लाख सम्मको कारोवार हुने | ३०००.०० | |
| | | वार्षिक ५ लाख भन्दा वढी कारोवार हुने | ५०००.०० | |
| २ | हार्डवेयर तथा सेनेटरी | वार्षिक ५ लाख सम्मको कारोवार हुने | २५००.०० | |
| | | वार्षिक ५ लाख भन्दा वढी कारोवार हुने | ३५००.०० | |
| ३ | कपडा तथा फेन्सी ( विक्री वितरण) | वार्षिक ३ लाख सम्मको कारोवार हुने | २५००.०० | |
| | | वार्षिक ३ लाख भन्दा वढी कारोवार हुने | ३५००.०० | |
| ४ | कस्मेटिक तथा व्युटीपार्लर | वार्षिक २ लाख सम्मको कारोवार हुने | १५००.०० | |
| | | वार्षिक २ लाख भन्दा वढी कारोवार हुने | २५००.०० | |
| ५ | मदिरा विक्री वितरण | वार्षिक २ लाख सम्मको कारोवार हुने | २५००.०० | |
| | | वार्षिक २ लाख भन्दा वढी कारोवार हुने | ४०००.०० | |
| ६ | प्लास्टिक तथा भाडा पसल | वार्षिक २ लाख सम्मको कारोवार हुने | १५००.०० | |
| | | वार्षिक २ लाख देखि ५ लाख सम्मको कारोवार हुने | २५००.०० | |
| ७ | उपभोग्य सामाग्री/ किराना पसल | वार्षिक २ लाख सम्मको कारोवार हुने | १५००.०० | |
| | | वार्षिक २ लाख भन्दा वढी कारोवार हुने | २५००.०० | |
| ८ | फ्रेस हाउस सञ्चालन | वार्षिक २ लाख सम्मको कारोवार हुने | १५००.०० | |
| | | वार्षिक २ लाख भन्दा वढी कारोवार हुने | २५००.०० | |
| ९ | सुनचादी / ज्वेलरी | वार्षिक १० लाख सम्मको कारोवार हुने | २५००.०० | |
| | | वार्षिक १० लाख भन्दा वढी कारोवार हुने | ४०००.०० | |
| १० | फर्निचर उद्योग/ विक्री वितरण | वार्षिक ३ लाख सम्मको कारोवार हुने | २५००.०० | |
| | | वार्षिक ३ लाख भन्दा वढी कारोवार हुने | ३५००.०० | |
| ११ | ईलेक्ट्रीक तथा ईलेक्ट्रोनिक कारोवार | वार्षिक २ लाख सम्मको कारोवार हुने | १५००.०० | |
| | | वार्षिक २ लाख भन्दा वढी कारोवार हुने | २५००.०० | |
| १२ | मोटर वर्कसप | वार्षिक २ लाख सम्मको कारोवार हुने | १५००.०० | |
| | | वार्षिक २ लाख भन्दा वढी कारोवार हुने | २५००.०० | |
| १३ | व्यवसायीक कृषि तथा पशुपालन | वार्षिक २ लाख सम्मको कारोवार हुने | १५००.०० | |
| | | वार्षिक २ लाख भन्दा वढी कारोवार हुने | २५००.०० | |
| १५ | माथिका दुई वा सो भन्दा वढी मिश्रीत कारोवार गर्ने | ईजाजत प्राप्त मूख्य कारोवारको लागि माथि तोकिएवमोजिम हुने र थप प्रत्येक कारोवारका लागि माथि तोकिएको न्यूनतम दरको ५० % का दरले वढ्दै जाने । | | |

अनुसूचि-५

# जडिवुटी, कवाडी र जिवजन्तु करको दर

(दफा ६ सँग सम्वन्धित)

| क्र.सं. | मालसामान | प्रति ईकाई | दर (रु.) | कैफियत |
|---|---|---|---|---|
| १ | यार्चागुम्वा | के.जी. | १०,०००.०० | |
| २ | वन लसुन | के.जी. | ३००.०० | |
| ३ | सतुवा | के.जी. | २००.०० | |
| ४ | गुच्छे च्याउ | के.जी. | ३००.०० | |
| ५ | निरमसी | के.जी. | १००.०० | |
| ६ | जिम्वु | के.जी. | १००.०० | |
| ७ | धुपी | के.जी. | ५.०० | |

नाशोङ गाउँपालिका

अनुसूचि-६

## मनोरञ्जन करको दर

(दफा ७ सँग सम्वन्धित)

| क.सं. | मनोरञ्जन सम्वन्धी माध्यम | पटके दर | कैफियत |
|---|---|---|---|
| १ | पटके भिडियो देखाउनेको हकमा | रु. ५००.०० | प्रति शो |
| २ | व्यवसायीक भिडियो | ५ % | प्रति टिकट |
| ३ | सांस्कृतिक कार्यक्रम | रु. ५००.०० | प्रति कार्यक्रम |
| ४ | फिल्म सुटिङ (ठुलो पर्दा) | रु. ५०००.०० | |
| ५ | फिल्म सुटिङ (सानो पर्दा) | रु. २०००.०० | |
| ६ | गितको भिडियो सुटिङ | रु. १०००.०० | |

नाशोङ गाउँपालिका

अनुसूचि-७

## ट्रेकिङ, कोयोकिङ, क्यानोइङ, बञ्जीजम्पिङ, जिपफ्लायर र ऱ्याफ्टिङ शुल्कको दर

(दफा ८ सँग सम्वन्धित)

| क्र.सं. | ट्रेकिङ रुट | प्रतिव्यक्ति दर रु. | कैफियत |
|---|---|---|---|
| १ | भिमथाङ क्षेत्र प्रवेश शुल्क | ५००.०० | विदेशी पर्यटकलाई अनिवार्य तर स्वदेशीलाई स्वेच्छिक दर कायम गरिएको । |
| २ | नाचे-डोना ताल रुट | ५००.०० | |
| ३ | ताचे-नाम्गे रुट | ५००.०० | |
| ४ | मल्चे पास रुट | ५००.०० | |

नाशोङ गाउँपालिका

अनुसूचि-८

## विभिन्न सेवामा लाग्ने शुल्क तथा दस्तुरको दर

(दफा ७ सँग सम्वन्धित)

| क्र.सं. | सेवाको प्रकार | दर रु. | कैफियत |
|---|---|---|---|
| १ | नागरिकता सिफारिस | २००.०० | |
| २ | नागरिकता प्रतिलिपी सिफारिस | ३००.०० | |
| ३ | पेन्सन पट्टा नामसारी सिफारिस | ३००.०० | |
| ४ | जग्गा नामसारी | २००.०० | |
| ५ | चारकिल्ला प्रमाणित | ३००.०० | |
| ६ | धितो मूल्याङ्कन/सम्पत्ति मूल्याङ्कन | ०.१% | कुल रकमको |
| ७ | आर्थिक सहायता, छात्रवृत्ति सिफारिस | निशुल्क | |
| ८ | वन्दुक नविकरण (भरुवा) | २००.०० | |
| ९ | नाता प्रमाणित | २००.०० | |
| १० | अन्य सिफारिस नेपालीमा | २००.०० | |
| ११ | अंग्रेजी सिफारिस/विदेश जाने प्रयोजनको लागि सिफारिस | ५००.०० | |
| १२ | ३५ दिन पछिको पञ्जिकरण दर्ता | ५०.०० | |
| १३ | पञ्जिकरण प्रतिलिपी | ३००.०० | |

नाशोङ गाउँपालिका